स्थानीय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०८ संख्याः १४ मितिः२०८२/१२/१५

**भाग-०२**

**भानु नगरपालिका**

# भानु नगरपालिका शिक्षा ऐन, २०७७

प्रमाणीकरण मिति : २०७७।११।०६
राजपत्रमा प्रकाशित मिति : २०७८।०२।१३
पहिलो संशोधन: २०८२।०९।२६

**<u>प्रस्तावनाः</u>** नेपालको संबिधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र भानु नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिकाको आठौं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भानु नगरपालिका शिक्षा ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन भानु नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ग) "प्रदेश शिक्षा ऐन" भन्नाले गण्डकी प्रदेशको संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको भानु नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले भानु नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(छ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चारवर्ष उमेर पुरा भई पाँचबर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि दिइने प्रारम्भिक बाल शिक्षालाई सम्झनुपर्छ ।

(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ दखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ञ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छः

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सस्तश्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ठ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयबस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ड) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय र संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ढ) "सामदुायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, किन्डरगार्डन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ ।

(थ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(द) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ध) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालय सम्झनुपर्छ ।

(न) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनुपर्छ ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(फ) "प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ब) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

(भ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(म) "विद्यालय शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्झनुपर्छ ।

(य) "प्रमुख" भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ल) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(व) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवं सुपरीवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(श) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(स) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वा बाबु तर्फको बाजे वा बज्यैलाई समेत जनाउँछ ।

(ह) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(क्ष) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्तमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र१) "नगरस्तरीय परीक्षा" भन्नाले भानु नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा सञ्चालन हुने कक्षा १ देखि १२ सम्मका आवधिक परीक्षालाई सम्झनुपर्दछ । यस शब्दले समय समयमा शैक्षिक गुणस्तर परीक्षणका लागि लिइने स्तरयुक्त परीक्षालाई समेत जनाउँछ ।

(ज्ञ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ१) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ२) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी शैक्षिक गुठी सम्झनुपर्छ ।

(ज्ञ३) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ज्ञ४) "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ज्ञ५) "परीक्षा समिति" भन्नाले आधारभूत तहको अन्त्यमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(ज्ञ६) "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ज्ञ७) "शुल्क" भन्नाले तोकिए बमोजिमका विद्यालयले नियम अनसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ज्ञ८) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ज्ञ९) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ज्ञ१०) "सभा" भन्नाले भानु नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ज्ञ११) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

(ज्ञ१२) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१) नगरपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनपर्नेछ । त्यसरी निवेदन दिँदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर शिक्षा अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको निर्णय अनसार तोकिएको शर्तबन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्तबन्देज पालना तथा पुरा गरेमा नगर कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) शैक्षिक गुठी सम्बन्धी व्यवस्था (क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गराउनुपर्नेछ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजी स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी सँस्थाले मुनाफा नलिने उद्देश्य राखी गरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया परा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा ९ बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खु ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामदुायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुरशिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) नगरपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रमार्फत् साक्षरोत्तर एवं निरन्तर शिक्षा, लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) तोकिएको पूर्वाधार पुरा गरेको पाइएमा नगरपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा संचालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको प्रकारः** (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षाः (१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षाः (१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

**६. शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभत तहको प्रारम्भिक बाल शिक्षा दखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्वन्धि व्यवस्था नगरपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** १) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**८. नगर शिक्षा समितिः** १) नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

क) प्रमख, भानु नगरपालिका — अध्यक्ष
   क१ उपप्रमुख भानु नगरपालिका — उपाध्यक्ष
   क२ प्रमुख प्रशासकीय अधिकृत भानु नगरपालिका — सदस्य
ख) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको कम्तिमा एकजना महिला सहित दुईजना — सदस्य

ग) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एकजना दलित, एकजना जनजाती, एकजना महिला र एकजना अन्य समुदायबाट गरी जम्मा चारजना सदस्य

ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका कम्तिमा एकजना महिला सहित दुईजना सदस्य

च) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका एक जना सदस्य

छ) नेपाल शिक्षक महासंघ भानु नगर कार्यसमितिका अध्यक्ष वा प्रतिनिधि एकजना सदस्य

ज) नगर शिक्षा अधिकारी सदस्य–सचिव

(२) समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको दखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) समितिले विषय विशेषज्ञ वा शिक्षकका पेशागत संस्था वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) नगरपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) नगर भित्रका प्रधानाध्यापकहरुको मापदण्ड तथा योग्यता निर्धारण गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सो को लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि आवश्यक व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा तथा अनौपचारिक एवं निरन्तर शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद्जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सधारका लागि नगर शिक्षा नीति तथा नगर शिक्षा योजना बनाई स्वीकृतिका लागि नगर सभामा पेस गर्ने,

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनमुति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि समितिको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यवाही गर्ने, गराउने,

(प) नगरपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्सांकन तथा समायोजन तथा दरबन्दी मिलान सम्वन्धि कार्य गर्ने,

(ब) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(भ) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**९. नगर शिक्षा समितिको बैठक** (१) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. परीक्षाको सञ्चालन र व्यवस्थापनः** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

**(३) भानु नगरस्तरीय परीक्षा समितिः** भानु नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरुमा पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम कक्षा १ देखि १२ सम्मका आवधिक परीक्षाहरुको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण समेतको कार्य गर्न देहाय बमोजिमको भानु नगरस्तरीय परीक्षा समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत, भानु नगरपालिका – अध्यक्ष

(ख) नगर शिक्षा अधिकारी, भानु नगरपालिका – सदस्य

(ग) नगरपालिका भित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी कम्तिमा एकजना महिलासहित परीक्षा समितिद्वारा मनोनित गरेका पाँचजना – सदस्य

(घ) नगरपालिका भित्रका संस्थागत विद्यालयका शिक्षकहरुमध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एकजना –सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत – सदस्य–सचिव

(४) समितिका मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) आधारभुत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

ख) पाठ्यक्रमले तोकेबमोजिम नगर क्षेत्रका विद्यालयस्तरीय सबै कक्षाका आवधिक परीक्षा तथा शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी परीक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी काम गर्ने गराउने ।

ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

झ) दैवीप्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तरुन्तै आवश्यक निर्णय लिने,

ञ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोकेबमोजिमको अन्य कार्य गर्ने ।

ट) परीक्षा समितिले आँफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**११. नगर शिक्षा कोषः** (१) सामदुायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुर्‍याउन नगरपालिकामा एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछनः–

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ग) नगर शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**१२. विद्यालय व्यवस्थापन समितिः** (१) सामदुायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आँफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना –सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य –सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना –सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना –सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य–सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा नगरपालिकाले मनोनित गरेको व्यक्ति –अध्यक्ष

ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना –सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य –सदस्य

(घ) सम्बन्धित विद्यालय निरीक्षक वा शिक्षा अधिकृत –सदस्य

(ङ) विद्यालयका शिक्षकले आँफूहरु मध्येबाट छानी पठाएको एकजना –सदस्य

(च) विद्यालयको प्रधानाध्यापक –सदस्य–सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको दखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(९) सामदुयिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हु नेछः–

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र संवर्द्धन गर्ने,

(ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने । त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नगरपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(च) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित नगरपालिकामा लेखी पठाउने,

(छ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(ज) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानून बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी नगरपालिकालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो रायसहितको प्रतिवेदन नगरपालिकामा पठाउने,

(झ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) शिक्षक, विद्यार्थी तथा अभिभावकले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आयव्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्ये कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम तोकिएबमोजिम उपलब्ध गराउने,

(द) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) नगरपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक दखिएमा नगरपालिकामा माग गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद्जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना निर्माण गरी सो बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शाखा प्रमुख मार्फत् नगरपालिकाबाट स्वीकृत गराई लागु गर्ने,

(य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पुरा नगरेमा प्रचलित कानून बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेडवृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न नगरपालिका समक्ष कारवाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारवाही अगाडि बढाउँदा सफाइको मनासिव मौका दिनुपर्नेछ ।

(र) नगरपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(ल) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने ।

(व) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने ।

(श) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ष) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको शैक्षिक गठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्धन गर्ने,

(ग) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलव भत्तामा नघट्ने गरी सविधा उपलव्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने,

(ड) नगरपालिकाको निर्देशन अनुसार तोकिएबमोजिम शैक्षिक तथ्याङ्क भरी नगरपालिकामा पेश गर्ने ।

(ढ) तोकिए बमोजिम शिक्षक–अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपस्तक लागु गर्ने ।

(त) नगरपालिकाले दिएका अन्य निर्देशनहरु पालना गर्ने ।

(११) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

<u>**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**</u> (१) देहायको अवस्थामा वा तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सो को कारण खुलाई शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

**<u>१४. विद्यालयको सम्पत्तिः</u>** (१) विद्यालयको नाममा रहेको चल–अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व सम्बन्धित प्रधानाध्यापकको हुनेछ ।

(२) सामदुायिक विद्यालयको चल–अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल–अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको चल– अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप नगरपालिकाको स्वीकृति बिना परिवर्तन हुने छैन ।

(४) कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सम्पत्ति नगरपालिकाको स्वीकृति वेगर सट्टापट्टा र बेचविखन गर्न पाईने छैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**<u>१५. विद्यालयको वर्गीकरणः</u>** विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**<u>१६. निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थाः</u>** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामदुायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै वालवालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेल लिपी तथा बहिरा तथा स्वर वा वोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शल्क लिईसके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृति दिदाँ विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई नगरपालिकाले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**<u>१७. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः</u>** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामदुायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र ततीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत, पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिव, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(५) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरु तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**<u>१८. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्नेः</u>** (१) सबै अभिभावकले चार वर्ष पुरा भएका वालवालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्ष पुरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा नगर शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, वडासमिति, विद्यालय निरीक्षक तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सविधाबाट वञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्यापन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका वालवालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व नगर शिक्षा समितिको हुनेछ ।

**१९. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा वन्द गर्न सक्ने:** (१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) नगरपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. शिक्षकको सरुवा:** (१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी नगर शिक्षा अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर भित्रको कुनै विद्यालयमा कार्यरत शिक्षकले आँफू कार्यरत विद्यालय तथा सरुवा हुन चाहेको विद्यालय दुबैको सहमति साथ निवेदन दिएमा नगर शिक्षा अधिकारीले रिक्त दरबन्दी, तह र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवाका लागि नगर शिक्षा समिति समक्ष पेश गर्नेछ र समितिको निर्णयानुसार नगर भित्र अन्तर विद्यालय सरुवा गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पुरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगरपालिकाले आफ्नो नगरभित्रको कुनैपनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरवन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष

कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच बर्ष पुरा नभएको भएतापनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ति लिएको एकवर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एकवर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

(५) अन्तर पालिका वा जिल्लान्तर सरुवा संघीय कानून बमोजिम हुनेछ ।

**<u>२१. शिक्षक छनौट समितिः</u>** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत वा सो नभए नगर शिक्षा अधिकारीले तोकेको प्रतिनिधि – सदस्य

(ग) नगरपालिकामा सूचिकृत विषय विशेषज्ञहरु मध्ये दुईजना – सदस्य

(घ) प्रधानाध्यापक – सदस्य–सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्वन्धमा पाठ्यक्रम, अन्य मापदण्ड वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो पाठ्यक्रम, मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

(३) शिक्षक छनौट समितिको वैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**<u>२२. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः</u>** (१) नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले नगर शिक्षा अधिकारी मार्फत् शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्नसक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा नगर शिक्षा अधिकारी बाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहत अनुदान कोटा र करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

**२३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापकको नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिले रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि आधारभूत तह कक्षा १-५ सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट दरखास्त आह्वान गर्नेछ ।

तर शिक्षा शास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्याद भित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनौट समिति समक्ष पठाउनेछ ।

(५) उपनियम (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनौट समितिले संघीय शिक्षा नियमावली २०५९ को अनुसूची १३ मा उल्लेखित आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

तर ६० अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गरिनेछैन ।

(६) उपनियम (५) बमोजिम छनौट भएको शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निजले पेश गरेको विद्यालय विकास प्रस्तावको कार्यान्वयन गर्ने प्रतिवद्धता सहित कार्यसम्पादन करार सम्झौता गरी पाँच वर्षका लागि नियुक्ति गरी सोको जानकारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ ।

(७) प्रधानाध्यापकले आँफूले गरेको कार्यसम्पादन करार सम्झौता बमोजिम काम नगरेमा वा निजको काम सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित विद्यालय निरीक्षकले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा नगर शिक्षा समितिले निजलाई प्रधानाध्यापक पदबाट जुनसुकै बखत हटाउन सक्नेछ । यस दफा बमोजिम प्रधानाध्यापक पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिनेछैन ।

(८) नगर भित्र सञ्चालित विद्यालयहरुमा उपदफा (२) बमोजिमको योग्यता पुगेको प्रधानाध्यापक हुने शिक्षक उपलब्ध नभएमा नगर शिक्षा समितिले सो बमोजिमको योग्यता पुगेको शिक्षकलाई सरुवा गरी सोको व्यवस्थापन गर्नेछ ।

**२४. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदानः** (१) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम नगरपालिकाले अनुदान दिन सक्नेछ ।

(२) नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको सिकाइ उपलब्धि

(घ) विद्यालयको आर्थिक अवस्था

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्ने छैन ।

**२५. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरु बीच साझदोरीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझदोरीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्नसक्नेः** (१) नगरपालिकाले सामुदायिक साक्षरता, निरन्तर सिकाइ, पुस्तकालय सञ्चालन तथा व्यवस्थापन, सूचनाको हकको कार्यान्वयन, जीवनोपयोगी सीपको प्रवर्द्धन, क्षमता विकास तथा सामाजिक जागरणका लागि तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७. निर्देशन दिन सक्नेः** (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२८. अनुमति वा स्वीकृति रद्द गर्ने:** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्नेछ ।

**२९. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने:** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सिर्जना तथा विद्यालय भित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३०. बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

**३१. शिक्षक तथा कर्मचारीको पदीय आचरण:** (१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनुपर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।

क) पदीय दायित्व पुरा नगरेमा,

ख) विना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनपुस्थित रहेमा

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

घ) नैतिक पतन दखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

**३२. शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप, उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३३. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३४. स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनुहुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी वर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

**३५. कर्मचारी सम्बन्धी व्यवस्था:** बिद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

**३६. शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता:** शिक्षक विद्यार्थीको अनुपात दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

**३७. ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था:** (१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न नगरपालिकाबाट पूर्व अनुमति लिनु पर्नेछ । विद्यालयका शिक्षकहरुले आँफूले शिक्षण गर्ने विषयको अतिरिक्त समय शिक्षण गरेवापत सोही कक्षाका विद्यार्थीहरुबाट कुनै प्रकारको अतिरिक्त सुविधा वा ट्युसन तथा कोचिङ् शुल्क लिन पाउने छैनन् ।
(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।
**३८. नियम बनाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।
(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु
(ख) विद्यालयको छात्रवृत्ति
(ग) विद्यालयलाई दिइने अनुदान
(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन र व्यवस्थापन
(ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मूल्याङ्कन
(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान
(छ) विद्यालय नक्सांकन र समायोजन
(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग

(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन
(ञ) प्रारम्भिक बालशिक्षा केन्द्र व्यवस्थापन
(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम
(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा
(ड) विद्यालयको नामाकरण
(ढ) विद्यालयमा छात्रवास संचालन सम्वन्धि व्यवस्था
(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री
(त) विशेष तथा समावेशी शिक्षा
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा
(द) दूर तथा खुला शिक्षा
(ध) नगर शिक्षा कोष
(न) विद्यालयको कोष
(प) विद्यालयको पुस्तकालय र वाचनालय
(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा
(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम
(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा
(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना
(ल) विद्यालयको परीक्षा
(व) स्थानीय तथा सामुदायिक पुस्तकालय र वाचनालय संचालन सम्वन्धि व्यवस्था
(श) अभिभावक शिक्षा

**३९. बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।

**४०. बचाउ र लागू नहुनेः** (१) यस ऐन अन्तर्गत बनेका दफामा लेखिएका कुराहरु यसै ऐन बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत